# Field report on the death of Trilochan Poudel, shot dead by the security forces at Bhaisahi Tole, Laxmaniya VDC-9, Rautahat

## Synopsis

An armed group, locally known as Ghumuwa, took control of Trilochan Poudel, 22 on 8 April 2005 as he was having meal. Raising hands, he started pledging his innocence. He produced his identity card asking them to listen to him. But, no one gave heed to his plea. A group of 40 security forces arrived on motorcycles at Bhainsahi of Laxmaniya VDC-9 from Bankul Security Base Camp shot five bullets, first at his leg, then at his hands, in his chest and abdomen. After killing him, the security forces manhandled the civilians in their houses. They also thrashed the laborers working in the field.

**Human Rights Treaty Monitoring Coordination Committee**
**Secretariat: Informal Sector Service Centre (INSEC)**
**5 April 2005, Kathmandu**

---

# Blast of Public Vehicle at Sakhuwa in Rautahat District
# A Field Survey

## Synopsis

Maoists on 9 April 2005 in the early afternoon at Sakhuwa in Rautahat district have ambushed a public bus. The bus unfortunately faced blast and plunged some ten meters away. Hasnara Khatun, Sahad Miya and Mukesh Kumar lost their lives on the spot. Thirteen others were seriously injured, among them; two lost their lives while undergoing treatment in Kathmandu the next day.

Maoists have broken the commitment of respecting human rights and international humanitarian laws as Krishna Bahadur Mahara, Spokesman of the Maoists, expressed the commitment three days ahead of the incident.  A team of Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC), after consulting the locals and collecting the facts, has concluded that the Maoist activists have directly violated the humanitarian laws.

**Human Rights Treaty Monitoring Coordination Committee**
**Secretariat: Informal Sector Service Centre (INSEC)**
**April 5, 2005**

**रौतहट :**

# दुई बन्दूकबीच पिल्सिएका जनता

१. स्थानीय भाषामा घुमुवाका नामले चिनिने सादा पोशाकका सशस्त्र समूह सहितको सुरक्षाकर्मीको जमातले त्रिलोचन पौडेल (२२) लाई खाना खान बसेको अवस्थामा समात्यो । उनी हात उठाउँदै "म निर्दोष छु" भन्न थाले । आफ्नो परिचयपत्र देखाउँदै कुरा सुन्न आग्रह गर्न थाले । तर कसैले सुनेन, उनको याचना । मोटरसाइकलमा आएका सुरक्षाकर्मीको त्यो जमातले पहिले खुट्टा, त्यसपछि दुवै हात र अन्त्यमा छाती र कोखामा गोली प्रहार गरी उनको ज्यान लियो ।

२. मध्यान्हको उज्यालोमा माओवादीहरुले यात्रुवाहक बसलाई विद्युतीय धरापमा पारे । दौडिरहेको बस अकस्मात विस्फोटमा पऱ्यो र दश मिटर पर हुत्तिएर पछारियो । कोलाहल मच्चियो । तीन–तीन जना, दश वर्षे हसनारा खातुनलगायत् शहाद मियाँ र मुकेशकुमारको ज्यान त्यहीँ गयो । तेह्रजना गम्भीर घाइते हुन पुगे । तीमध्ये दुईजनाको राजधानीमा उपचार गराउँदा-गराउँदै भोलिपल्ट मृत्यु भयो । नेकपा (माओवादी) का प्रवक्ता कृष्णबहादुर महराको "हामी आफ्नोतर्फबाट मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यतालाई यथाशक्य लागू गर्न प्रतिबद्ध छौं" भन्ने व्यहोरासहितको पछिल्लो वक्तव्य सार्वजनिक भएको ठीक तेश्रो दिन यसरी तोडियो, प्रतिबद्धता ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

०६२ वैशाख २२ गते, काठमाडौं

# रौतहट जिल्लाको लक्ष्मनिया गाविस-९ भैंसही टोलमा सुरक्षाकर्मीद्वारा गरिएको गोली प्रहारबाट त्रिलोचन पौडेलको मृत्यु भएको सम्बन्धी स्थलगत प्रतिवेदन


**सारांश**

स्थानीय भाषामा घुमुवाका नामले चिनिने सादा पोशाकका सशस्त्र समूहले त्रिलोचन पौडेल (२२) लाई ०६१ साल चैत २५ गते खाना खान बसेको अवस्थामा समाते । उनी हात उठाउँदै "म निर्दोष छु" भन्न थाले । आफ्नो परिचय–पत्र देखाउँदै कुरा सुन्न आग्रह गर्न थाले । तर कसैले सुनेन, उनको याचना । लक्ष्मनिया गाविस–९ को भैंसहीमा वंकुल सुरक्षा बेस क्याम्पबाट मोटर साइकलमा आएका करिब चालीस जना सुरक्षाकर्मीको त्यो जमातले पहिले खुट्टा, त्यसपछि दुवै हात र अन्त्यमा छाती र कोखामा गरी पाँच गोली प्रहार गरी उनको ज्यान लियो । उनको हत्यापछि सुरक्षाकर्मीले स्थानीय सर्वसाधारणको घरघरमा पुगी उनीहरुमाथि कुटपिट गरे । उनीहरुले खेतमा काम गरिरहेका मजदूरहरुलाई पनि कुटे ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**


०६२ बैशाख २२ गते, काठमाडौं

**पृष्ठभूमि**

रौतहट जिल्लाको लक्ष्मनिया गाविस वडा नं. ९ भैंसहीमा सुरक्षाकर्मीको एक समूहले डुमरिया (म.) गाविस-७ चेतनगरका निशस्त्र सर्वसाधरण २३ वर्षीय त्रिलोचन पौडेललाई ०६१ चैत २५ गते गिरफ्तार गरी नियन्त्रणमा लिएपछि मारेको जनाउँदै पीडितका आफन्तले मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को सचिवालय इन्सेक काठमाडौंमा लिखित जानकारी प्रस्तुत गरे । त्यसपछि घटनाको सत्य तथ्य पत्ता लगाउने उद्देश्यका साथ ०६२ बैशाख ३ गते स्थलगत अध्ययनको लागि काठमाडौंबाट HRTMCC को तर्फबाट ६ जनाको टोली रौतहट प्रस्थान गऱ्यो । रौतहट जिल्लाको चन्द्रनिगाहपुर पुगेपछि टोलीले स्थानीय मानवअधिकारकर्मी, पत्रकार, कानुन व्यवसायीलगायत् नागरिक समाजका अन्य प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा व्यापक छलफल गऱ्यो । इन्सेक, आरआरएन, हिमराइट्स, महिला विकास तथा कानुन मञ्च (एफडब्लूएलडी) र महिला पुनर्स्थापना केन्द्र (ओरेक) का काठमाडौंबाट पुगेका प्रतिनिधिका साथ रौतहटस्थित इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, मानवअधिकार चेतना केन्द्र, कान्तिपुर दैनिकका सम्वाददाता, अन्नपूर्ण पोष्टका सम्वाददाता, नेपाल पत्रकार महासंघ रौतहट शाखाका सभापति र जिल्ला बार इकाइ, रौतहटका प्रतिनिधि सम्मिलित एघार सदस्यीय तथ्य संकलन टोली ०६२ बैशाख ५ गते सोमबार बिहान ७ बजे घटनास्थलतर्फ प्रस्थान गऱ्यो ।

**तथ्य संकलन टोलीको उद्देश्य**

१. घटनाका सम्बन्धमा प्राप्त जानकारीहरूको संकलन गर्ने,
२. घटनाको यथार्थ विवरण तयार गर्ने,
३. घटनाको सत्य-तथ्य पत्ता लगाउने,
४. घटनाको सत्य-तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

**अध्ययन पद्धति**

१. घटनास्थलको अवलोकन,
२. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट र कुराकानी,
३. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा कुराकानी
४. घटना सम्बन्धमा प्राप्य प्रकाशित सामग्रीको अध्ययन ।

**घटना अध्ययन टोली**

| | | |
|---|---|---|
| १. मुकुन्द कट्टेल | – | आरआरएन, काठमाडौं |
| २. गणेश भण्डारी | – | इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं |
| ३. लोकहरि बस्याल | – | महिला कानुन र विकास मञ्च, काठमाडौ |
| ४. बद्री शिवाकोटी | – | इन्हुरेड हिमराइट्स, ललितपुर |
| ५. हिमाल खड्का | – | ओरेक, ललितपुर |
| ६. विपिन गौतम | – | इन्सेक, वर्ष पुस्तक प्रतिनिधि, रौतहट |
| ७. दीलिप कोइराला | – | मानवअधिकार चेतना केन्द्र, रौतहट |
| ८. विवेकानन्द मिश्र | – | सभापति, नेपाल पत्रकार महासंघ, रौतहट |
| ९. प्रभातकुमार झा | – | सम्वाददाता, अन्नपूर्ण पोष्ट, रौतहट |
| १०. शिव पुरी | – | सम्वाददाता, कान्तिपुर दैनिक, रौतहट |
| ११. अनन्त अधिकारी | – | नेपाल बार एशोसिएसन, रौतहट |



*पीडितको परिवारसँग कुराकानी गर्दै घटनास्थलमा तथ्य संकलन टोली*

घटनास्थलमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोली पुगेको मिति- ०६२ वैशाख ५ गते

**घटना मिति-** ०६१ चैत २५ गते

**घटना समय-**

क) गिरफ्तार- बिहान ९:३० बजे

ख) हत्या- १०:०० बजे

**हत्या गरिएको स्थान** :- लक्ष्मनिया गाविस वडा नं. ९ भैंसही

**घटनाका पीडक-** वंकुल संयुक्त सुरक्षा बेस क्याम्पबाट १६-१७ वटा मोटरसाइकलमा आएका ४०-४५ जना सुरक्षाकर्मी

**घटनाका पीडित-**

| क्र. सं. | नाम | उमेर | जिल्ला | ठेगाना | घटना स्थल |
|---|---|---|---|---|---|
| १ | त्रिलोचन पौडेल | २२ वर्ष | रौतहट | डुमरिया (म) गाविस ७ | लक्ष्मनिया गाविस-९ भैंसही |

**१. घटना विवरण**

घटनाका एक प्रत्यक्षदर्शीका अनुसार ०६१ चैत २४ गते पीडित त्रिलोचन पौडेल र उनको ठूलोबुबा बद्रीप्रसाद पौडेल बारा जिल्लाको खैरागाउँमा आई आफन्तकहाँ बास बसेका थिए । पारिवारिक विवादका कारण त्रिलोचनका ठूलोबुबालाई माओवादीले रौतहट जिल्लाको लक्ष्मनिया गाविस-९ को भैंसहीमा बोलाएका थिए ।

भोलिपल्ट ०६२ चैत २५ गते बद्रीप्रसादले आफूसँगै साथीका रुपमा त्रिलोचनलाई पनि लगे ।

तर त्यस दिन बिहानै त्रिलोचन पौडेललाई लक्ष्मनिया गाविस-९ भैंसहीका राजेन्द्र पटेलको घरमा खाना खान लाग्दा मोटरसाइकलमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी नियन्त्रणमा लिए । गिरफ्तारीपछि ५ सय मिटर उत्तर तिर बस्ती नभएको स्थानमा भर्खर मकै रोपेको खेतमा पुऱ्याई उनलाई भाग्न आदेश दिइयो । तर उनी भागेनन् र हात उठाएर "म निर्दोष छु" भन्नथाले । उनले परिचयपत्र हेर्न अनुरोध गरे । तर परिचयपत्र देखाउँदा-देखाउँदै हातै उठाएको अवस्थामा सुरक्षाकर्मीले उनीमाथि गोली प्रहार गरे । परिचयपत्र देखाउँदा-देखाउँदै गोली हानी उनको हत्या गरिएको प्रत्यक्षदर्शी स्थानीय बासिन्दाको भनाइ रहेको पाइयो ।



*हत्यामा प्रयोग गरिएको गोलीका खोका*



*मृतकको दुवै हात छाति तथा खुट्टामा गोली लागेको थियो*

त्रिलोचनको खुट्टामा गोली हानिसकिएपछि पनि उनी भन्दै थिए- "म निर्दोष छु, नमार्नुहोस ।" त्यति भन्दै हात उठाएर परिचयपत्र देखाउँदा-देखाउँदै उनलाई पुनः दुवै हातमा गोली हानी भुइँमा लडाइयो । त्यसपछि परिचयपत्रलगायत्का कागजात सुरक्षाकर्मीले च्यातच्युत पारी फ्याँकिदिए । पछि छातिमा हानिएको दुई गोलीले उनको मृत्यु भएको पाइयो ।





*सुरक्षाकर्मीले गोली हानी हत्या गरेको घटनास्थल, पीडितले सुरक्षाकर्मीलाई देखाएको परिचयपत्रको टुक्रा*



*स्थलगत अध्ययनको क्रममा तथ्य संकलन टोली*

मृत्युपश्चात् त्रिलोचनको लाशलाई ५० मिटर टाढाको उखु काटिएको बारीमा पुऱ्याई छाडिएको थियो ।  उक्त घटनापछि सोही ठाउँमा उखु रोपिरहेका मजदुरहरु गचना चैधरी र पुनित चौधरीलगायत् ६ जनालाई उनीहरुसँगै उखुको लाँक्रो मागी कुटपिट गरेको स्थानीय प्रत्यक्षदर्शी ४५ वर्षीय पनिलाल पटेलले बताए । त्यतिले मात्र नपुगी मजदुरहरुले ल्याएको खाजा रोटी सुरक्षाकर्मीले खोसी थुकेर मिल्क्याइदिए ।



*हत्यापछि उखुबारीमा लगेर मिल्क्याइएको त्रिलोचनको लाश*

**घटनास्थलको अवलोकन**

सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीले घटनास्थलमा पुगी अवलोकन गर्दा त्रिलोचनको हत्या गरिएको स्थल मकैबारी रक्ताम्य भएको पायो । त्यसभन्दा करिब ५० मिटर

पश्चिमतर्फको उखुबारीमा पनि रगतको टाटो रहेको पाइयो । घटनास्थलको पश्चिमतर्फ बारा जिल्लाको खैराटोल, उत्तर र पूर्वमा जंगल नदी तथा बकैया नदी र दक्षिणतर्फ भैंसही टोल रहेको छ ।

**घटनापछि थप सुरक्षाफौजको उपस्थिति र दूर्व्यवहार**

त्रिलोचनको हत्या गरेपछि सुरक्षाकर्मीले पीडितका ठूलोबुबा बद्रीप्रसाद पौडेललाई गिरफ्तार गरे । त्यसपछि बद्रीप्रसादलाई कुटपिट गरियो । केही सुरक्षाकर्मीले जंगलतर्फ फर्किएर हवाई फायर गरे । सुरक्षाकर्मी नजिकैको दुधिअवा बजारमा दुई घण्टासम्म बसे । दुई घण्टापछि थप सुरक्षाकर्मी त्यहाँ आइपुगेपछि उनीहरु पुनः घटनास्थलतर्फ गए । घटनास्थल पुगेपछि सुरक्षाकर्मीले मृतक त्रिलोचनको छातिमा चढी बुटले हिर्काउँदै रगडेर छातिको छालासमेत खुइल्याइदिए । त्यसपछि अनुहार र शरीरमा कुनै तरल पदार्थ हाली डढेको जस्तो बनाई नचिनिने अवस्थामा पुऱ्याई छोडे । उनीहरुले त्यसपछि फेरी जंगलतिर फर्केर अन्धाधुन्ध फायरिङ गरे । उनीहरुले सर्च गर्ने नाममा करिब दुई घण्टासम्म सर्वसाधरणको घरमा रहेको लत्ता-कपडा, गर-गहना लुट्नुका साथै उखु–मजदूरहरुको खाजा तथा खानामा थुकिदिएको र लात्तीले हानिदिएको समेत पाइयो । सुरक्षाकर्मीले घरघरमा पसी खानासमेत पोखिदिएको, फालिदिएको, खानामै थुकिदिएको जानकारी प्रत्यक्षदर्शीहरुले दिए ।

कुटपिट गर्ने सुरक्षाकर्मीले रुमालले मुख छोपेका थिए भन्ने जानकारी प्रत्यक्षदर्शी र पीडितहरुले दिए ।



*सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका ब्रह्मदेव पटेल*



*त्रिलोचन पौडेल : जीवित अवस्थामा*

कुटपिटबाट पीडित व्यक्तिहरुमध्ये ब्रह्मदेव पटेलको ढाड तथा छातिमा नीलडाम देखिन्छ । ६५ वर्षीय बृद्ध फुल्वादेवी पटेललाई टाउको, छाति र अनुहारमा कुटपिट गरी रक्ताम्मे पारेका स्थानीय बासिन्दाले बताए । पीडित फुल्वादेवीका अनुसार सुरक्षाकर्मीले उनीसँग गोली हानी हत्या गरेको व्यक्तिको परिचय माग गरेका थिए । तर "थाहा छैन" भनेपछि उनलाई निर्घात कुटपिट गरिएको थियो ।

घटनापछि मध्यान्ह १२ बजेतिर आएका थप सुरक्षाकर्मीले सोही ठाउँका १५ वर्षीय राम जलमलाई पनि गिरफ्तार गरे । उनका अनुसार गिरफ्तारीपछि उनलाई हिमालीबास पुऱ्याई कुटपिट गर्दै त्यहाँबाट पनि संयुक्त सुरक्षा बेसक्याम्प वंकुल पुऱ्याई तेस्रो दिन रिहा गरियो ।

**जिल्ला प्रहरी कार्यालयको भनाइ**

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक गणेश ऐरद्वारा सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीसँग लक्ष्मनिया गाविस-९ भैंसहीको घटनाका बारेमा बताउन असमर्थता जनाइयो । ऐरद्वारा सो घटनाका सम्बन्धमा प्रहरी उपरीक्षक, शाही नेपाली सेनाका मेजर र प्रमुख जिल्ला अधिकारीलाई नै थाहा हुने बताइयो । नायव उपरीक्षक ऐरका अनुसार, प्रशासनद्वारा हाल मधेशी टाइगरलाई प्रयोग

गरिएको छैन । तर नायव उपरीक्षक ऐरकै अनुसार, केही व्यक्तिबाट सूचनासम्बन्धी सहयोग लिने गरिएको छ । सुरक्षा निकायले प्रयोग गर्दै आएको "घुमुवा"को दूर्व्यवहारका कारण जनताले दुःख पाइरहेकोतर्फ ध्यानाकर्षण गराउँदा नायव उपरीक्षक ऐरको भनाइ थियो– "जनगुनासो आएपछि त्यस्ता व्यक्तिहरुलाई हाल प्रयोग गरिएको छैन ।" संयुक्त सुरक्षाकर्मीको परिचालनमा समन्वयको अभावका कारण यस्ता घटनाहरु भएका हुन की भन्ने जिज्ञासामा ऐरको जवाफ थियो- "समन्वय राम्रो छ, कुनै समस्या छैन।"

**प्रमुख जिल्ला अधिकारीको भनाइ**

काम् प्रमुख जिल्ला अधिकारी मुकुन्दप्रसाद ढकालका अनुसार, लक्ष्मनिया गाविस-९ को भैंसहीमा वंकुल सुरक्षा बेस क्याम्पबाट गएको सुरक्षाकर्मीको कारवाहीमा ०६१ चैत २५ गते डुमरिया (म) गाविस-७ चेतनगरका २२ वर्षीय त्रिलोचन पौडेलको मृत्यु भएको हो । प्रमुख जिल्ला अधिकारी ढकालको भनाइ थियो– "घटनामा मर्ने त्रिलोचन हाम्रो अहिलेसम्मको जानकारीमा माओवादी नै हो र सुरक्षा कारवाहीमा नै मारिएको हो । उनलाई गिरफ्तार गरी कब्जामा लिइसकेपछि निःशस्त्र अवस्थामा मारिएको हो कि होइन भन्ने मलाई थाहा नहुने विषय हो । तर, सुरक्षाकर्मीले प्रयोग गर्दै आएको घुमुवा प्रहरी वा सूचनादाताबाट भने केही ज्यादती भइरहेको जानकारीमा आएको छ । त्यस विषयमा सुधार गरिँदै लगिएको छ ।"

प्रमुख जिल्ला अधिकारीको थप भनाइ थियो- "सुरक्षा निकायले हामीलाई दिएको जानकारी अनुसार उक्त व्यक्ति त्रिलोचन पौडेल मुठभेडमा मरेको हो । मलाई पनि मुठभेडमा नै मरेको हो भन्ने लागेको छ । त्यो भिडन्त भएकै त्यस दिन साँझपख एमालेका स्थानीय नेता पूर्व जिविस सदस्यले उनी एमाले कार्यकर्ता भएको बताए । उनले मृतक निर्दोष व्यक्ति हो भनेपछि सावधानी अपनाई, नियन्त्रणमा लिइएका व्यक्तिहरुलाई समेत छोडियो ।"

रौतहटमा प्रशासनले "घुमुवा" तथा भिजिलान्तेहरुलाई प्रयोग गरी माओवादीमाथि कारवाही चलाउने नाउँमा सर्वसाधारणउपर ज्यादति गरिरहेको गुनासो व्यापक रहेको पाइयो । यससन्दर्भमा प्रमुख जिल्ला अधिकारी ढकालको भनाइ थियो– "पहिला-पहिला त्यस्ता घुमुवाहरुको प्रयोग हुने गरेको थियो । तर तिनीहरुका सम्बन्धमा प्रश्नहरु उठ्न थालेपछि गलत मान्छेलाई प्रशासनले प्रयोग गरेको छैन । जनताले दुःख पाएका छन् भन्ने कुरालाई हामी स्वीकार गर्दछौं । त्यसैले हामी सकेसम्म गल्ती दोहरिन नदिने कोसिस गर्दछौं ।"

माओवादीहरुबीच स्थानीयस्तरमा भएको विखण्डनबाट जन्मेको मधिसे टाइगरलाई प्रशासनले दुरुत्साहित गरेको जनगुनासोका सम्बन्धमा प्रजिअ ढकालको भनाइ थियो– "एउटा गुटले गलत फाइदा उठाएको हुन सक्छ ।"

**बाराही दल गुल्म, रौतहटका मेजर अविराज आचार्यको भनाइ**

माओवादीको कार्यक्रम सो इलाकामा हुँदैछ भन्ने जानकारीको आधारमा वंकुल संयुक्त सुरक्षा बेस क्याम्पबाट लक्ष्मनिया गाविस-९, भैंसही इलाकामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । उक्त क्षेत्रमा सुरक्षाकर्मी गएको थाहा पाएपछि सकेटबम प्रहार गरी माओवादी भागे । पीडित पनि जंगलतर्फ भागे, हात उठाउँदै भाग्दै गर्ने क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागि मृत्यु भएको हो । भाग्ने क्रममै मृतकको पछाडि गोली लागेको हो । हाम्रो ठहरमा ऊ माओवादी हो वा होइन भन्न नसकिने भन्ने कुरामा अल्मलिने ठाउँ छैन । अर्को इलाकामा माओवादीको बैठकमा गएकोले हाम्रो ठहर त्रिलोचन माओवादी हो भन्ने नै हो । हामीसँग सबै माओवादीको सूची हुँदैन र त्यस्तो बेलामा यी सबै विचार गरेर गोली चलाउने परिस्थिति हुँदैन । त्यसमा पनि त्यो जंगल इलाका थियो, माओवादीले फालेको एउटा सकेट बम विस्फोट भएको अवस्था थियो । त्यहाँ माओवादीले जनतालाई दुःख दिइरहेको सूचना पनि प्राप्त भइरहेको थियो ।

त्यस्तो अवस्थामा भएको कारवाहीमा उसको मृत्यु भएको हो । मकै बारीमा गोली लागी मरेका व्यक्तिलाई माओवादीले नै ५० मिटर पर उखुबारीमा लगेका हुन् । हामी लाशको नजिक जान नसक्ने अवस्था थियो । अन्य दुई व्यक्ति पनि घाइते भएका हुनुपर्ने हो । हामी थप सुरक्षाकर्मीसहित दुई घण्टा पछि घटनास्थल जाँदा लाश माओवादीले अर्को स्थानमा लगेको पायौं । लाशमै बम राखेको हुनसक्ने अवस्था भएकोले हामीले लाश ल्याउन सकेनौं ।

सुरक्षाकर्मीबाट स्थानीय जनतामाथि ज्यादती भयो भन्ने बारेमा मलाई थाहा भएन । यस घटनामा मृत्यु भएका व्यक्तिका बारेमा थप अनुसन्धान र छलफल गर्न सकिन्छ ।

**घटनाको सम्बन्धमा नागरिक समाजको भनाइ**

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीले ०६२ वैशाख ५ गते रौतहट जिल्लाको नागरिक समाजका निम्न बमोजिमका व्यक्तित्वहरुसँग भेटघाट गऱ्यो-

**सहदेव मैनाली**

सचिव, नेकपा (माले) बारा जिल्ला कमिटी

माओवादीद्वारा पीडित परिवारलाई सुरक्षाकर्मीद्वारा थप पीडित बनाइएको छ । एक निर्दोष सर्वसाधारणलाई निःशस्त्र अवस्थामा गिरफ्तार गरी हत्या गरियो । सुरक्षाकर्मीमा आफ्नो अधिकारको दुरुपयोग गर्ने प्रवृत्ति बढ्दो छ । त्रिलोचनको हत्यापछि गाउँमा सुरक्षाकर्मीद्वारा ज्यादति गरियो । सुरक्षाकर्मीले अघिपछि लगाएर हिड्ने घुमुवा प्रहरी वा जासुसको ज्यादतीले प्रशासनप्रति आममानिसको विश्वास घटेको छ । सुरक्षाकर्मी व्यक्तिगत रिसइवी र प्रतिशोधको आधारमा परिचालित हुने गरेको छ ।

म पनि काम विशेषले उक्त घटनास्थलमा पुगेको थिएँ । सुरक्षाकर्मीले उखुको लाँक्रो र बुटले जथाभावी टाउको, अनुहार, ढाड, हातखुट्टा, जताततै हिर्काएर घाइते बनाए । म एक जिम्मेवार राजनीतिक पार्टीको कार्यकर्ता भएको बताउँदै परिचय–पत्र देखाउँदा-देखाउँदै पनि सुरक्षाकर्मीद्वारा त्यस्तो निकृष्ट व्यवहार गरियो । मेरो शरीरमा लागेको घाउ निको होला । तर मनमा लागेको घाउ निको हुने छैन ।

**टेकनाथ पौडेल**

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य, रौतहट

निःशस्त्र व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरी तत्काल मारेकोमा हामीलाई आश्चर्य लागेको छ । त्रिलोचनलाई गिरफ्तार गरी नियन्त्रणमा लिएपछि छानबिन नै नगरी मारियो । नियन्त्रणमा रहेको पीडितलाई भाग्न आदेश दिइयो । तर नभागी पटक-पटक "म निर्दोष छु" भन्दै हातमाथि उठाएको अवस्थामा खुट्टा र दुवै हातमा गोली प्रहार गरियो । भुईंमा ढलिसकेपछि छातिमा गोली हानी उसको ज्यान लिइयो ।

**गीता तिमिल्सिना**

सामाजिक कार्यकर्ता, लक्ष्मनिया गाविस-८ हिमालीबास

सुरक्षाकर्मीले सर्वसाधारण नागरिकलाई नियन्त्रणमा लिएर हत्या गरेपछि हामी स्तब्ध भएका छौं । म निर्दोष छु भनिरहेको निःशस्त्र व्यक्तिलाई गिरफ्तार गरी नियन्त्रणमा लिएर हात उठाएर परिचय पत्र देखाइ रहेको अवस्थामा समेत गोली हानी हत्या गरिएको देखिन्छ । सुरक्षाकर्मीको टोलीले त्यस घटनापछि गाउँमा ज्यादै निकृष्ट व्यवहार गरेको देखिन्छ । उनीहरुले मजदूर तथा सर्वसाधारणको खाजा तथा खाना खुट्टाले हानेर फ्याँक्ने, ती खानेकुरामा थुक्नेजस्ता कार्य गरे ।

**राधादेवी काफ्ले**

सामाजिक कार्यकर्ता, लक्ष्मनिया गाविस-८ हिमालीबास

हाम्रो घर घटना भएको गाउँबाट केही टाढा भएकाले घटना भएको मैले देखेको होइन । सुरक्षाकर्मीहरुले दुई औंला देखाउँदै दुईजना मारिए भनी खुशी व्यक्त गर्दै भनेपछि हामीले थाहा पाएका हौं । म पनि लाश हेर्न गएको थिएँ ।

**सुदर्शन काफ्ले**

नेकपा एमाले जिल्ला कमिटी सदस्य, लक्ष्मनिया गाविस-८ हिमालीबास

(साथमा मणिप्रसाद रेग्मी)

उक्त घटना भएको दिन चैत्र २५ गते विद्रोही पक्षको मिटिङ थियो भन्ने हामीले पनि सुनेका हौं । त्योभन्दा पहिला पनि सेना तथा माओवादी आउने-जाने भइरहन्थ्यो । त्यस दिन बिहानै करिब ८ बजेतिर २०/२१ जना सुरक्षाकर्मी तथा घुमन्तेसहितको टोली आएको थियो । उनीहरुले त्रिलोचन पौडेललाई गोली हानी फर्केर गएपछि दिउँसो करिब दुई बजे मात्र हामी घटनास्थलमा पुगेका हौं । त्रिलोचन पौडेलको हत्यापछि सुरक्षाकर्मी फर्किए । तर मध्यान्ह करिब १२ बजेतिर सुरक्षाकर्मीको अर्को टोली घटनास्थलमा गई निर्दोष मान्छे परेछ भन्यो भन्ने सुनेका हौं ।

त्रिलोचन आफ्नो साथीभाईको छोरा भएकाले हामी लाश कुरेर बस्यौं । हामीले देख्दा उनको लाश छाती, दुवै हात, घुँडा र कोखामा गोली लागेको तथा देब्रे आँखा फुटेको अवस्थामा थियो । हामीले मृतकको घर-परिवारमा खबर गऱ्यौं । उनीहरु अर्को दिन साँझ ४ बजेतिर आएपछि उनको सदगत् गरिएको हो ।

**घटनाका सम्बन्धमा पीडितका परिवारको भनाइ**

**मिना पौडेल** (१९), **मृतक त्रिलोचनकी पत्नी**

त्रिलोचनकी पत्नी मीना पौडेलले पतिको किरिया बसेकै अवस्थामा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीसँग भन्नुभयो– "मेरो विवाह त्रिलोचन पौडेलसँग दुई वर्षअघि भएको थियो । हाम्रा छोराछोरी छैनन्। यतिखेर चार महिनाकी गर्भवती छु । त्यस दिन यस्तोसम्म होला भन्ने कल्पनासमेत गरेको थिइनँ । घटना हुँदाको दिन म घरमा नै थिएँ । उहाँले त्यहाँ जाने सम्बन्धमा केही पनि बताउनु भएको थिएन ।"

उहाँको भनाइ थियो– "राज्यको तर्फबाट हामी जस्तो व्यक्तिलाई सहयोग भइदिए हुन्थ्यो । मेरो पति निर्दोष हुनुहुन्थ्यो । उहाँको हत्या गर्नेमाथि कडाभन्दा कडा कारवाही हुनुपर्दछ ।"



*पति त्रिलोचनको किरियामा बसेकी पत्नी मीना पौडेल*

**बद्री प्रसाद पौडेल (उपाध्याय) (पीडितको ठूलोबुबा एवं प्रत्यक्षदर्शी)**

पारिवारिक विवादको कुरामा माओवादीले बोलाएपछि ०६१ चैत २४ गते लक्ष्मनिया गाविसको भैंसही गएका थियौं । मैले भाइलाई "जाउँ" भन्दा "छोरालाई लैजानुहोस्" भनेपछि त्रिलोचन पौडेलका साथमा त्यहाँ गएँ । सो दिन बारा जिल्लाको खैरा टोलमा मामाको घरमा बसिएको हो । चैत्र २५ गतेको दिन बिहान भैंसही गएका थियौं । त्यहाँ माले बारा जिल्ला सचिव सहदेव मैनाली पनि दाल खरिद गर्न गएका रहेछन् । त्यसै समयमा भतिज त्रिलोचन पौडेललाई एकजना व्यक्तिले "मेरो घरमा खाना खान जाऔं" भनी लगे । हामी पनि लालबाबु पटेल कहाँ गयौं ।

त्यहाँ मलगायत् घर बनाउने कामदारसमेत १२/१३ जना जम्मा भएका थियौं । केही समयपछि सुरक्षाकर्मीहरु आए । त्यसपछि म र अन्य ६ जनाबाहेक अन्य सबै भागे । २०/२१ जना सुरक्षाकर्मीहरु सादा पोशाकमा हतियारसहित आएका थिए । तर मैले भाइको छोरालाई त्यहाँबाट लगेको देखिनँ । उनलाई गोली हानेको देखिनँ । तर गोली चलेको आवाज सुनेको हुँ ।

त्यहाँ केही सुरक्षाकर्मीले एकाएक मलाई भुइँमा पछारी पेटमा कुल्ची लठ्ठीले समेत हिर्काए । त्यसै समयमा सयौं हवाई फायरसमेत भएको सुनिन्थ्यो । त्यसपछि सुरक्षाकर्मीहरुले मलाई कब्जामा लिएर हिमालीबास हुँदै विजयपुर लगे । त्यहाँ उनीहरु मलाई कब्जमा लिएरै करिब दुई घण्टा जति बसे । उनीहरुले थप बलको माग गरेका रहेछन् । त्यसै समयमा गाउँको एक जना वृद्ध व्यक्ति हराएकोले खोज्दै आएका व्यक्तिहरु मध्ये मैले चिनेको व्यक्तिसमेत रहेछन् । तिनीहरुले सुरक्षाकर्मीद्वारा त्रिलोचन मारिएको सुनाए । अनि सुरक्षाकर्मीलाई सोध्दा लप्टन साहेबले भने– "तपाईंको छोरा भाग्यो, त्यसै कारणले मारियो ।"

त्यसपछि सुरक्षाकर्मीहरुले घटना भएको ठाउँमा मलाईसमेत लिएर गए । मैले मृतक छोराको मुखसम्म हेर्न दिनुहोस् भनी बारम्बार अनुरोध गरें । तर मृत छोराको मुखसमेत हेर्न दिइएन । एकजना हवल्दारले लात्तीले हानी चार हात पर पुर्‍यायो ।

उनीहरुको टोलीमा घुमुवासमेत संलग्न थिए । उनीहरुले एसएलसी सकेर भर्खरै घर आइपुगेकी एक महिलालाई सलमा समातेर घर भित्र लेजाने प्रयास गरे । तर भित्र जान नमानेपछि दूर्व्यवहारसमेत गरेको

मैले देखेको हुँ । सुरक्षाकर्मीले मलाई बंकुल बेसक्याम्पमा लग्यो । त्यसपछि जनपथको असईले गर्धनमा बसेर ढाडमा लाठी र बुटले कुटे । जनपथको इन्स्पेक्टरले झन्डै दुई घण्टासम्म नानाथरी प्रश्न राखे । मलाई राष्ट्रिय वाणिज्य बैंकको म्यानेजरको रोहवरमा चैत्र २८ गते दिउँसो साढे तीन बजे चैत्र ३० गतेको तारिख तोकी रिहा गरियो । चैत्र ३० गते त्यहाँ हाजिर हुँदा मेजर नभएकोले पुनः ३१ गते बोलाइयो । ३१ गते मलाई घरायसी समस्या तथा शारीरिक कमजोरीको कारणले छिटो-छिटो तारिखमा आउन समस्या भएकोले अलिक लामो तारिख दिनुहोस् भनी अनुरोध गरें । त्यसपछि लप्टनले ३/४ दिनपछि आउनुहोस् भनी मौखिक तारिख तोकिदिए ।

**बसन्त पौडेल उपाध्याय** (४६), **पीडितको बुबा**

छोरा त्रिलोचन पौडेल १२ कक्षा पढ्दै थियो । उसैले घरको सारा व्यवहार चलाइरहेको थियो । त्यस दिन लक्ष्मनिया गाविसको भैंसही भन्ने ठाउँमा दाइ बद्रीप्रसाद पौडेलको लेनदेनसम्बन्धी विवादमा साथी भएर छोरा गएको थियो । अर्को दिन चैत्र २५ गते बिहान करिब ९.३० बजेतिर सुरक्षाकर्मीले छोराको हत्या गरेको खबर साँझ मात्र पाएँ । अर्को दिन त्यहाँ गएर चिनजानका साथी तथा स्थानीय बासिन्दाको सहयोगमा सतगत गरियो । छोराको कुहिनाभन्दा माथि दुवै हातमा गोली लागेको थियो । देब्रे घुँडामा एक गोली लागेको, छातिमा दुई गोली लागेको तथा देब्रे आँखा फुटेको, अनुहार नचिनिने गरी डढाएको जस्तो थियो । जमिनमा रगतको टाटा थियो । छोराले "म निर्दोष छु" भन्दाभन्दै गोली हानेका थिए भन्ने सुनेको हुँ ।

दाजुको पारिवारिक विवादमा माओवादीले त्यहाँ बोलाएका थिए । ऊ मेरो दाजुलाई साथ दिन मात्र त्यहाँ गएको थियो । मेरो छोरा कुनै राजनीतिक पार्टीसँग आबद्ध थिएन । घरको खेतीपाती गर्दै पढिरहेको थियो । मृत छोराको सदगत् गर्नको लागि सुरक्षाकर्मीसँग अनुमति लिन विपिन गौतम र हरि घिमिरेमार्फत् लप्टन साहेबसँग कुराकानी अघि बढाएँ । उहाँले "निर्दोष व्यक्ति पर्नुभएछ हामीबाट सदगत गर्नलाई कुनै थुनछेक हुँदैन" भन्नुभयो । त्यसपछि सदगत गरेका हौं । हामी परिवारमा दश जना छौं, आयश्रोत खेती-किसानी नै हो ।

**घटनाका सम्बन्धमा स्थानीय सर्वसाधारणको भनाइ**

**विनोदकुमार पटेल** (१४), **भैंसही, कक्षा ६ मा अध्यनरत**

त्रिलोचन पौडेललाई सुरक्षाकर्मीले गोली हानी हत्या गर्दा म खेतमा काम गर्दैथिएँ । २०/२५ जनाको समूहमा कोही ड्रेस र कोही सादा पोशाकमा थिए । ती मध्ये ५/६ जनाले उनलाई राजेन्द्र पटेलको घरबाट करिब ६०० मिटरको दुरीमा मकैबारीमा लगि गोली हाने । उनले दुवै हात ठड्याएर "सर म निर्दोष छु मलाई नमार्नुहोस्" भनेको म आफैले सुनेको हुँ । करिब ५/६ गोली हानेपछि उनी मरेका हुन् । सुरक्षाकर्मीले उनलाई नलकटुवा वा माउजरले गोली हानेका हुन् । त्यसपछि हाम्रो खेतबारीमा आइ सुरक्षाकर्मीले मलाई "माओवादी खै देखा, तिनीहरु कहाँ छन्" भनेर २/३ पटक बाँसले हिर्काए । त्यसक्रममा भैंसहीका ६ जना, र पिपरियाको ९ जनालाई पिटेका थिए । स्थानीय व्यक्ति महिला, बालकहरु समेतलाई कुटपिट गरी उनीहरु तुरुन्तै फर्किए ।

**सिकिन्दर दास** (१४), **भैंसही, कक्षा ६ मा अध्ययनरत**

घटना भएको अवस्थामा म उखुबारीमा काम गर्दैथिएँ । ५/६ जना सुरक्षाकर्मीले त्रिलोचन पौडेललाई लगे । उनलाई मकैबारीमा लगी गोली हानियो । उनले "म माओवादी होइन, म निर्दोष छु, साधारण व्यक्ति हो, मलाई नमार्नुहोस्" भनी दुवै हात ठड्याउँदा समेत सैनिकहरुले गोली हाने । उनीलाई मारिसकेपछि हामीलाई "माओवादी खै ? माओवादी कहाँ छन् देखाऊ" भन्दै उखुले ३/४ पटक कुटे ।

**फुल्वादेवी पटेल** (**प्रत्यक्षदर्शी तथा स्थानीय बासिन्दा, माओवादी जिल्ला जनसरकार प्रमुख राजेन्द्र पटेलकी आमा**)

त्यस दिन म घरमा थिएँ । मेरै घरबाट उसलाई लगेको देखेकी हुँ । उसलाई सुरक्षाकर्मीले गोली हानेको आवाज सुनेकी हुँ । अन्य सुरक्षाकर्मीले मलाई त्यस्तो छोरालाई किन जन्माइस भन्दै बाँसको भाटाले ३/४ पटक हाने । बुहारीलाई पनि जगल्टाएर कुटपिट गरे- सुरक्षाकर्मीले । मलाई रक्ताम्मे हुनेगरी कुटपिट गरेका थिए । स्थानीय अहेब विदुरलाई बुहारीले उपचारको लागि बोलाएकी थिइन् । उनलाई पनि कुटपिट गरी परिचयपत्र देखाउँदा पनि गिरफ्तार गरी लगे । त्यसपछि घरको तलासी गरे । यहाँ गाउँका अन्य सर्वसाधारण समेतलाई कुटपिट गरे ।

**पुनमदेवी पटेल (प्रत्यक्षदर्शी तथा स्थानीय बासिन्दा)**

मेरो पति माओवादी पार्टीमा हुनुहुन्छ । म खेती-किसानी गर्छु । म सर्वसाधारण हुँ । त्यस दिन करिब ९ बजे बिहान म भान्छामा त्रिलोचन भाइलाई खाना खुवाउँदै थिए । त्यहीबेला एकजना छिमेकीको छोराले काकी सुरक्षाकर्मी आए भनेपछि म घरबाट बाहिर निस्किएँ । त्रिलोचन खाना खाँदै थिए । उनलाई गर्धनमा समातेर पिट्दै लगे र घरबाट करिब ६०० मिटर पर मकैबारीमा पुऱ्याई गोली हाने । उसले हात ठड्याएर "म निर्दोष छु" भन्दा पनि सुरक्षाकर्मीले गोली हानी हत्या गरेका हुन् । योभन्दा पहिला पनि सेनाहरुले घर खानतलासी गर्ने र छोरा-छोरीलाई कुटपिट गर्ने गरेका थिए ।

**घटना अध्ययनका क्रममा देखिएका कठिनाइहरु**

१) भौगोलिक विकटता

२) सरकार र माओवादी दुवैको डर त्रासका कारण स्थानीय बासिन्दाहरु घटना सम्बन्धमा बोल्न नचाहेको अवस्था

**निष्कर्ष तथा सुझाव**

मृतक त्रिलोचन ढकाल निर्दोष भएको कुरा स्थानीय बासिन्दाबीच व्यापकरुपमा उठिरहेको परिप्रेक्ष्यमा समेत उक्त घटनाको छानबिनको लागि स्थानीय प्रशासनबाट पहल भएको छैन । स्थलगत अध्ययन तथा प्रत्यक्षदर्शी, परिवारजन एवं सुरक्षा निकायका पदाधिकारीहरुसँगको कुराकानीबाट त्रिलोचन पौडेललाई पक्राउ गर्नेबित्तिकै उनको कुनै कुरा नसुनी पाँच–पाँच गोली हानी तड्पाएर हत्या गरिएको देखिन आउँछ । स्थानीय प्रशासनद्वारा सुरक्षाकर्मीको सहयोगीका रुपमा सशस्त्र घुमुवा दलको प्रयोग गरिएबाट यस्तो घटना भएको समेत देखिन्छ । यससम्बन्धमा श्री ५ को सरकारले आवश्यक छानबिन गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन र अधिकारको दुरुपयोग गर्नेउपर कारवाही चलाउन मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोली अपिल गर्दछ ।

उल्लेखित घटनामा नेपाल अधिराज्यको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनका निम्नबमोजिमका प्रावधानहरुको उल्लंघन भएको देखिन्छ ।

१) यस घटनामा राज्यद्वारा "प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहीत अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारीरुपले कसैको पनि जीवन हरण गरिने छैन" भन्ने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा–६ को ठाडो उल्लंघन गरिएको छ ।

२) यस घटनामा राज्यले लडाइँमा संलग्न नरहेका निःशस्त्र गैरसैनिक व्यक्तिहरुलाई हानी पुऱ्याउन नहुने वा त्यस्ता व्यक्तिहरुको संरक्षण गर्नुपर्ने जेनेभा महासन्धिको साझा धारा ३ ले गरेको प्रत्याभूतिलाई लत्याएको छ ।

३) त्रिलोचन पौडेलको हत्या र त्यसपछि सुरक्षाकर्मीद्वारा लक्ष्मनियामा मच्याइएको ज्यादतीका कारण राज्यले जेनेभा महासन्धिको गैर–अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरुको संरक्षणसम्बन्धी सन् १९७७ को अतिरिक्त सन्धिपत्रको धारा १३ मा उल्लेखित "गैरसैनिक वासिन्दा तथा नागरिकहरु आक्रमणको निशाना हुने छैनन् । गैरसैनिक बासिन्दाहरुमा आतंक फैलाउने प्राथमिक उद्देश्यले गरिने कार्य वा हिंसाको धम्की निषेध गरिएको छ" भन्ने प्रावधानको ठाडो उल्लंघन गरेको छ ।

४) त्रिलोचन पौडेलको हत्याको घटनामा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ फौजदारी न्यायसम्बन्धी हकको उपधारा (६) मा उल्लेखित "पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ" भन्ने प्रावधानको उल्लंघन भएको छ ।

५) प्रशासनले दाबी गरेअनुसार मृतक भिडन्तमा संलग्न माओवादी नै भएको मान्ने हो भने पनि युद्ध बन्दीहरुसँग गरिने व्यवहारसम्बन्धी जेनेभा महासन्धिको धारा ४ अनुसार मानवीय व्यवहार गर्नुपर्ने र धारा १३ बमोजिम आफ्नो हिरासतमा रहेको व्यक्तिको मृत्यु हुने कार्य उपर लगाइएको प्रतिबन्धको यो घटनामा ठाडो उल्लंघन भएको छ ।

# रौतहटको सखुअवामा यात्रुवाहक बसमा गरिएको विस्फोटको घटनाको स्थलगत अध्ययन प्रतिवेदन


**सारांश**

०६१ चैत २७ गते मध्यान्हको उज्यालोमा माओवादीहरुले रौतहटको सखुअवामा यात्रुबाहक बसलाई विद्युतीय धरापमा पारे । दौडिरहेको बस अकस्मात विस्फोटमा पऱ्यो र दश मिटर पर हुत्तिएर पछारियो । कोलाहल मच्चियो । तीन–तीन जना, दश वर्षे हसनारा खातुनलगायत शहाद मियाँ र मुकेशकुमारको ज्यान त्यहीँ गयो । तेह्रजना गम्भीर घाइते हुनपुगे । तीमध्ये दुई जनाको राजधानीमा उपचार गराउँदा-गराउँदै भोलिपल्ट मृत्यु भयो । नेकपा (माओवादी) का प्रवक्ता कृष्णबहादुर महराको “हामी आफ्नोतर्फबाट मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यतालाई यथाशक्य लागू गर्न प्रतिवद्ध छौं” भन्ने व्यहोरासहितको पछिल्लो वक्तव्य सार्वजनिक भएको ठीक तेश्रो दिन यसरी तोडियो, प्रतिवद्धता । मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य-संकलन टोली स्थलगत अध्ययन तथा विभिन्न स्थानीय व्यक्तिहरुसँगको कुराकानीका आधारमा उल्लेखित घटनामा नेकपा (माओवादी) का कार्यकर्ताहरुबाट मानवीय कानुनको ठाडो उल्लंघन भएको ठहरमा पुगेको छ ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**


०६२ वैशाख २२ गते, काठमाडौं

## पृष्ठभूमि

रौतहट जिल्लाको सखुअवा चोकमा गौरबाट काठमाडौंतर्फ गइरहेको ना २ ख ३८१३ नं. को मकालु बस ०६१ चैत्र २७ गते विद्युतीय धरापमा पर्दा तीनजना यात्रुको घटनास्थलमै मृत्यु भयो । १३ जना गम्भीररुपमा घाइते भए । त्यस घटनाका सम्बन्धमा स्थानीय नागरिक समाजका तर्फबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को सचिवालय इन्सेक काठमाडौंमा जानकारी प्राप्त भएको थियो । उक्त घटनाको स्थलगत अध्ययनको लागि काठमाडौंबाट ०६२ वैशाख ३ गते HRTMCC को तर्फबाट ६ जनाको टोली रौतहट प्रस्थान गऱ्यो । रौतहट जिल्लाको चन्द्रनिगाहपुर पुगे पछि स्थानीय मानवअधिकारकर्मी, पत्रकार, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधिहरूसँग आवश्यक छलफल गरी इन्सेक केन्द्रीय कार्यालय काठमाडौं, आरआरएन काठमाडौं, हिमराइट्स ललितपुर, महिला विकास तथा कानुन मञ्च (एफडब्लूएलडी), महिला पुनर्स्थापना केन्द्र (ओरेक), इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि रौतहट, मानवअधिकार चेतना केन्द्र रौतहट, अन्नपूर्ण पोष्ट सम्वाददाता, नेपाल पत्रकार महासंघ रौतहट शाखाका सभापति र जिल्ला बार इकाइ रौतहटका प्रतिनिधिसहित दश सदस्यीय तथ्य संकलन टोली घटनाको सत्य-तथ्य पत्ता लगाउन ०६२ वैशाख ४ गते आइतबार अपरान्ह १ बजे घटनास्थलतर्फ प्रस्थान गऱ्यो ।

## घटनासम्बन्धी तथ्य संकलन टोलीको उद्देश्य

१. घटनाको सत्य-तथ्य पत्ता लगाउने,
२. घटनाको सत्य-तथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

## अध्ययन पद्धति

१. घटनास्थलको अवलोकन,
२. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट गरी घटनाको विवरण संकलन,
३. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी संकलन ।

## तथ्य संकलन टोली

| | | |
|---|---|---|
| १. मुकुन्द कट्टेल | – | आरआरएन, काठमाडौं |
| २. गणेश भण्डारी | – | इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं |
| ३. लोकहरि बस्याल | – | महिला कानुन र विकास मञ्च, काठमाडौ |
| ४. बद्री शिवाकोटी | – | इन्हुरेड हिमराइट्स, ललितपुर |
| ५. हिमाल खड्का | – | ओरेक, ललितपुर |
| ६. विपिन गौतम | – | इन्सेक, वर्ष पुस्तक प्रतिनिधि, रौतहट |
| ७. दीलिप कोइराला | – | मानवअधिकार चेतना केन्द्र, रौतहट |
| ८. विवेकानन्द मिश्र | – | सभापति, नेपाल पत्रकार महासंघ, रौतहट |
| ९. प्रभातकुमार झा | – | सम्वाददाता, अन्नपूर्ण पोष्ट, रौतहट |
| १०. अनन्त अधिकारी | – | नेपाल बार एशोसिएसन, रौतहट |

तथ्य संकलन गरिएको मिति : ०६२ वैशाख ४ गते

**घटना मिति :** ०६१ चैत २७ गते शनिबार, अपरान्ह १० बजे

**घटना स्थान :** सखुअवा गाविस-५ को गौर-चन्द्रनिगाहापुर सडक खण्डको गौरबाट १७ किमि उत्तरमा रहेको कल्भर्ट,

**घटनाका पीडक :** माओवादी (विद्युतीय धराप विस्फोट गराइएको)

**घटनाका पीडितः**

| **क्र.सं.** | **नाम** | **उमेर** | **जिल्ला** | **ठेगाना** | **हालको स्थिति** |
|---|---|---|---|---|---|
| १ | हसनारा खातुन | १० वर्ष | रौतहट | गम्हरिया गाविस-७ | घटनास्थलमै मृत्यु |
| २ | शहाद मियाँ | | रौतहट | झनखुनवा गाविस | घटनास्थलमै मृत्यु |
| ३ | मुकेशकुमार साह | २५ वर्ष | भारत | पूर्वी चम्पारन पताही | घटनास्थलमै मृत्यु |
| ४ | रामअवतार ठाकुर | | महोत्तरी | जिल्ला प्रहरी कार्यालय | उपचारको क्रममा भालिपल्ट काठमाडौंमा मृत्यु |
| ५ | रमेश गिरी | | काठमाडौं | दहचोक गाविस-२ | उपचारको क्रममा भोलिपल्ट काठमाडौंमा मृत्यु |
| ६ | जगदेव भगत | | रौतहट | मिठुअवा गाविस-६ | घाइते |
| ७ | नइमा खातुन | | रौतहट | गम्हरिया गाविस | घाइते |
| ८ | सेख इब्राहिम | | रौतहट | गम्हरिया गाविस | घाइते |
| ९ | जयप्रसाद भट्टराई | | रौतहट | जिल्ला प्रहरी कार्यालय | घाइते |
| १० | हंसलाल | | भारत | घोडासन | घाइते |
| ११ | राजेश उप्रेती | | सिन्धुली | नखुलेको | घाइते |
| १२ | राजीव मिश्र | | भारत | बडरहर्वा | घाइते |
| १३ | दवाङ लामा | | रौतहतट | जिल्ला प्रहरी कार्यालय | घाइते |
| १४ | शम्भुप्रसाद | | भारत | नखुलेको | घाइते |
| १५ | जगदीशप्रसाद | | भारत | नखुलेको | घाइते |
| १६ | रहमान खातुन | | रौतहट | जटहरा गाविस | घाइते |
| १७ | सुवना खातुन | | रौतहट | जटहरा गाविस | घाइते |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | सेख इमरान | | रौतहट | जटहरा गाविस | घाइते |
| १९ | धनबहादुर महरा | | रौतहट | जिल्ला प्रहरी कार्यालय | घाइते |
| २० | उमाशंकर महतो | | भारत | बेतौना, मोतिहारी | घाइते |
| २१ | सहाना खातुन | | रौतहट | गमहरिया | घाइते |
| २२ | रामदरेश ठाकुर | | सर्लाही | खैरवा | घाइते |
| २३ | रामविनय ठाकुर | | सर्लाही | खैरवा | घाइते |
| २४ | रामएकवाल ठाकुर | | सर्लाही | खैरवा | घाइते |
| २५ | जगरनाथ महत्तो | | भारत | मोतिहारी, बेतौना | घाइते |
| २६ | प्रमोद महत्तो | | भारत | मोतिहारी, बेतौना | घाइते |
| २७ | नसिर अहमद | | रौतहट | जटहरा गाविस | घाइते |
| २८ | तन्जिला खातुन | | रौतहट | जटहरा गाविस | घाइते |
| २९ | निरसन साह | | भारत | नखुलेको | घाइते |
| ३० | चन्दनकुमार ठाकुर | | भारत | नखुलेको | घाइते |

**घटना विवरण**

रौतहट जिल्लाको गौरबाट मकालु यातायातको दैनिक दिवा सेवा ०६१ चैत्र २७ गते मध्यान्ह सुरक्षाकर्मीको स्कर्टिङ्सहित काठमाडौं तर्फ हिडेको थियो । स्कर्टिङको लागि सुरक्षाकर्मीहरु यात्रुहरुसँगै बसमा चढेका थिए । गौरबाट करिब १७ किमि पर गाडी गुडिरहेको अवस्थामा अचानक माओवादीले थापेको विद्युतीय धरापमा परि विष्फोटन भएपछि करिब १० मिटर पर पछारिएको थियो । यात्रा गरिरहेका ३ जनाको घट्नास्थलमा नै र अन्य दुई जनाको भोलिपल्ट उपचारको क्रममा काठमाडौंमा मृत्यु भएको थियो ।

घटना भएको भोलिपल्ट ०६१ चैत २८ गते करिब १ किमि दक्षिणको सखुवा गाविसको गौर-चन्द्रनिगाहापुर सडक खण्डमा पर्ने गाउँमा गौरबाट सुरक्षाकर्मी आएर गाउँका सर्वसाधारण पुरुष, महिला, केटाकेटीहरुलाई कुटपिट गरेको, धम्क्याएको तथा लक्ष्मिनारायण र निरञ्जन साहलाई समातेर लगी सामान्य सोधपुछ पछि छाडिएको पीडितहरुले बताए । सडक छेउमा रहेका ३ वटा पान पसल, २ साइकल पसल र एउटा चिया पसल बन्द गर्न लगाउँदै घरमा आगो लगाइदिने धम्की दिएको र पसल बन्द गराएको स्थानीय बासिन्दाले जानकारी गराए ।

**घटनास्थलको अध्ययन र प्रत्यक्षदर्शीहरुसँगको कुराकानीबाट पाइएका तथ्यहरू**

- माओवादीद्वारा चैत २७ विद्युतीय धराप विस्फोट गराउँदा ३ यात्रुको घटनास्थलमै मृत्यु भयो । एकजना यात्रु र एकजना सुरक्षाकर्मीको भोलिपल्ट चैत २८ गते मृत्यु भएको प्रत्यक्षदर्शी, जिल्ला प्रशासन र जिल्ला प्रहरीको भनाइबाट पाइयो ।

- स्थानीय बासिन्दा जलन्धर रायका अनुसार, तीन वटा सार्वजनिक बसमा सर्वसाधरणसहित सुरक्षाकर्मीहरु थिए । विद्युतीय धराप पड्किएपछि ५ जना सुरक्षाकर्मीमध्ये २ सख्त घाइते भए ।
- विस्फोटबाट मकालु यातायातको ना. २ ख ३८१३ नं को बस पूर्णरुपमा क्षतिग्रस्त हुनपुग्यो । बसको अगाडिको ढोका भएको मध्यभागको चेसिससमेत बाङ्गिएको, झ्याल, सिट, छत आदि सबै क्षतिग्रस्त भएका थिए । बसको लगभग ९ लाख रुपैंयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।
- बम विस्फोटका कारण बसको छतमा ठोक्किएका हुनाले छतसमेत रगत्ताम्मे भएको देखिन्थ्यो ।
- क्षतिग्रस्त बस सो ठाउँबाट ४ किमी उत्तर गरुडा इलाका प्रहरी कार्यालयमा ल्याएर राखिएको छ ।

- घटनास्थलमा तथ्य संकलन टोलीले जुत्ता, चप्पल, लुगाफाटा, रगतको टाटा, विद्युतीय धराप थाप्न प्रयोग गरेको तार खनेर माटोमुनि विछ्याइएर लगेको डोब आदि देख्यो ।



*घटनास्थलमा पाइएका पीडित तथा मृतकका जुत्ता, चप्पल तथा लुगाफाटा*

**घटना विवरण**

१. **यात्रुबाहक बसमा विद्युतीय धराप विस्फोट गराई सर्वसाधारणको हत्या**

घटनाका प्रत्यक्षदर्शीका अनुसार ०६१ चैत २७ गते शनिबार गौरबाट काठमाडौं जान हिंडेका मकालु यातायातको ना. २ ख ३८१३ नं को बस गौरबाट १७ किमि उत्तर सखुअवा चोकमा आइपुगेपछि विद्युतीय धरापमा परेको थियो । बसका यात्रुहरुमध्ये तीनजनाको तत्काल घटनास्थलमै मृत्यु भएको थियो । घटनापछि तुरुन्त गौरबाट दुई र चन्द्रनिगाहपुरबाट एक गरी तीनवटा एम्बुलेन्सबाट घाइतेहरुलाई गौर अस्पतालमा लगिएको थियो ।




*विस्फोटबाट क्षतिग्रस्त बस*



*विद्युत्तीय धराप विस्फोट गराउन तार बिछ्याइएको सानो पैनी*



*विस्फोटमा बसको छतमा लागेको मान्छेको रगतको टाटो*

**घटनापछि सुरक्षाफौजको उपस्थिति र व्यवहार**

यात्रुबाहक बस विस्फोटमा परेको भोलिपल्ट चैत २८ गते सखुअवा चोकमा पुगेका सुरक्षाकर्मीले सो ठाउँमा रहेका ३ वटा पान पसल, एउटा चिया पसल र २ वटा साइकल मर्मत दोकान गरी ६ वटा पसल तथा घुम्ती हटाउन लगाए ।

सुरक्षाकर्मीले स्थानीय पसलहरु हटाउन लगाएको स्थान माओवादीद्वारा यात्रुबाहक बस विस्फोटमा पारेको घटनास्थलदेखि करिब २ किमि दक्षिणतर्फ पर्दछ ।

सखुअवा चोककै स्थानीय विद्यार्थी मञ्चुन साहले उनलाई सुरक्षाकर्मीले चैत २८ गते गिरफ्तार गरी केही परसम्म लगी कुटपिट गरेको बताए ।

चिया पसले रामजनम साहलाई चिया पसल हटाउन लगाई सुरक्षाकर्मीले केही परसम्म लगी कुटपिट गरे ।

**निरञ्जन सुनार साहको भनाइ**

स्थानीय हुलाकीलाई सुरक्षाकर्मीले सोधपुछ गरी कुटपिट गरेको सुनेको हुँ । मेरो विचारमा बन्दको समयमा जबरजस्ती गाडी चलाएका कारण विस्फोटमा पारेको हुनसक्छ । सो विस्फोटको घटनामा महिला तथा बालबालिकासमेत रहेको, एकजना बालकको घुँडासमेत पछि भेटिएको थियो ।

**लक्ष्मिनारायण पण्डित** (३२), **सखुवा गाविस वडा नं.** १

म पान पसल चलाउनुका साथै नारायणी यातायात व्यवसायी संघको टिकट काउन्टरमा टिकट बुकिङको काम गर्दथे । त्यस दिन माओवादीको बन्दको आह्वानमा बन्द रहेकाले टिकट काट्नु नपर्ने भएकोले घटना हुँदाको समयमा खेतमा गहुँ काट्दै थिएँ । घटना भएपछि २०/२५ जना सशस्त्र सुरक्षाकर्मीले मलाई "सोधपुछ गर्नुछ" भनी सैनिक क्याम्प लगे । मैले "म निर्दोष छु" भनेपछि २/४ थप्पड हानी "निर्दोष छु" भन्ने कागज गराइ छाडिदिएका थिए । केही व्यक्ति मृत अवस्थामा, घाइतेलाई सुरक्षाकर्मीले गौर लगेको देखेको हुँ । आफूलाई सुरक्षाकर्मीले आगो लगाउने धम्की दिएर पान पसल र टिकट काउण्टर तुरुन्त हटाउन लगाएको र कुटपिट गरी यातनासमेत दिएको बताए ।



*सुरक्षाकर्मीले आफैं हटाएको घुम्ती पसल*

**जिल्ला प्रहरी कार्यालयको भनाइ**

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक गणेश ऐरका अनुसार, बन्दको हल्लाले गर्दा काठमाडौं जाने ३ वटा बसलाई सुरक्षा प्रदान गर्दै लगिएको थियो । ऐरको भनाइ छ– "तीन वटा बसमा हाम्रा २२/२५ जना सुरक्षाकर्मी बाँडिएर बसेका थिए । स्कर्टिङको लागि हाम्रो आफ्नो सवारी साधन प्रयोग गरिएको थिएन । घटना भएपछि आधा घण्टाभित्रै हामीले गौरबाट २ र चन्द्रनिगाहपुरबाट १ गरी ३ वटा एम्बुलेन्समा घाइतेहरुको उद्धार गरी गौर अस्पतालमा उपचार गरायौं । सख्त घाइतेहरुलाई एक घण्टामै हामीले हेलिकोप्टरबाट उपचारको लागि काठमाडौं पठायौं । उपचारको लागि काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पताल छाउनीमा लगिएका १३ जनामध्ये दुईजनाको भोलिपल्ट काठमाडौंमा उपचार गराउँदा गराउँदै मृत्यु भयो । मृत्यु हुनेहरुमा हाम्रै जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार रामअवतार ठाकुर र रमेश गिरी छन् । हामीले हाम्रा सुरक्षाकर्मीलाई केही सुरक्षित राख्न र स्कर्टिङको लागि अन्य सवारी साधन पनि कम रहेकोले यात्रुबाहक सवारी साधनबाटै पठाएका हौं ।"

**मुकुन्दप्रसाद ढकाल, रौतहट जिल्लाका कामु प्रमुख जिल्ला अधिकारी**

माओवादी विद्रोहीले बन्दको आव्हान गरेका रहेछन् । गाडी चालक तथा सर्वसाधारणहरुले यात्रा गर्ने निर्णय गरेपछि गाडीलाई सुरक्षा दिन स्कर्टिङको व्यवस्था मिलाइएको थियो । सखुअवा गाविस र जयनगर

गाविसको सीमानामा रहेका कल्भर्टमाथि एम्बुस थापेर विद्रोहीहरुले बसलाई विस्फोट गराए । उक्त विस्फोट पछि घटनास्थलमा नै ३ जनाको मृत्यु भएको थियो । माओवादीले मकालु यातायातको यात्रुबाहक सवारी साधनमा बम विस्फोट गराएको र घटनापछि मृतक तथा घाइतेको उद्धार गर्ने कार्य भयो । घटनापछि तुरुन्तै घाइतेहरुलाई सुरक्षाकर्मीका गाडी तथा एम्बुलेन्समा राखी अस्पताल लगियो र गम्भीर घाइतेहरुलाई केही समयपछि काठमाडौं उपचारको लागि पठाइएको थियो । उपचार हुँदाहुँदै दुईजना मरेको खबर आएको छ ।

सुरक्षाकर्मीले सार्वजनिक गाडीलाई ढाल बनाउँदा यस्तो घटना भएको त होइन ? भन्ने अनुगमन टोलीको जिज्ञासामा, अधिकारीको भनाइ थियो- "जनताले सुरक्षाकर्मीबाट सुरक्षाको आशा गरेका हुन्छन्, उनीहरुलाई सुरक्षा दिन सुरक्षाकर्मीहरुले सार्वजनिक गाडीका साथै आफ्नै गाडीमा समेत स्कर्टिङ गर्ने गरेका छन् ।"

सार्वजनिक गाडीलाई सशस्त्र सुरक्षाकर्मीहरुले प्रयोग गर्नु अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानूनको मूल्य र मान्यताको उल्लंघन होइन ? भन्ने जिज्ञासामा उहाँले भन्नुभयो- "पक्कै पनि सुरक्षाकर्मीहरुले रहरले सार्वजनिक गाडीको प्रयोग गरेका होइनन्, ५/६ जनाको सुरक्षाकर्मीको टोलीलाई जति बेला पनि गाडीको प्रयोग गर्न पनि सम्भव छैन, साथै सुरक्षाकर्मीको गाडीलाई उनीहरुले बढी लक्षित गर्ने तथा सुरक्षाकर्मीहरुको पनि आफ्नो सुरक्षाको सवाल भएकोले, कहिले काहीँ उनीहरु सार्वजनिक गाडी प्रयोग गर्ने गरेका छन् ।"

**घटनाको सम्बन्धमा पीडित तथा नागरिक समाजको भनाइ**

**रामचरित्र प्रसाद कलवार, (४४) प्रेमपुर घर भइ गोनाही गाविस वडा नं. ३ बस्ने सखुअवा गाविस सचिव**

मकालु बसमा बिस्फोट गरिएको दिन म कार्यालयमा थिइनँ । तर, घटनाको उसै दिन नै थाहा पाएको हुँ । घटना माओवादी विद्रोहीले नै गराएका हुन् । उनीहरुले सडकमा खाल्डो खनेर विस्फोटक पदार्थ राखी बिस्फोट गराएका थिए । गौरबाट काठमाडौं जाँदै गरेको बस सखुआ गाविस र जयनगर गाविसको सीमाना अर्थात् गौर (रौतहट सदरमुकाम) बाट १८ किमि दूरीमा पर्दछ । त्यस दिन माओवादीले बन्दको घोषणा गरेका थिए । त्यसैले सुरक्षाकर्मीहरुसमेत चढेर बसमा स्कर्टिङ्को व्यवस्था गरिएको थियो ।

**घटना अध्ययनका क्रममा भएका कठिनाइहरु**

१) सरकार र माओवादी दुवैको डर-त्रासका कारण स्थानीय बासिन्दाहरु घटना सम्बन्धमा बोल्न नचाहेकोले यथार्थ विवरण लिन असहज
३) पीडक पक्षसँग सम्पर्कको अभाव ।

**उल्लङ्घन भएका मानवअधिकार र मानवीय कानुनका प्रावधान**

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोली स्थलगत अध्ययन तथा विभिन्न स्थानीय व्यक्तिहरुसँगको कुराकानीका आधारमा उल्लेखित घटनामा नेकपा (माओवादी) का कार्यकर्ताहरुबाट मानवीय कानुनको ठाडो उल्लंघन भएको ठहरमा पुगेको छ । माओवादीहरुविरुद्ध सशस्त्र द्वन्द्वमा संलग्न सुरक्षाकर्मीले सर्वसाधारणहरु चढ्ने यात्रुबाहक बसमा सवार हुने क्रम कायम रहन नहुने कुरामा समेत सम्बन्धित सबैलाई सचेत हुन अपिल गरिन्छ ।

१) यात्रुवबाहक बसमा आक्रमण गरिएको उल्लेखित घटनामा नेकपा (माओवादी) ले "गैरसैनिक नागरिकउपर गरिने निर्देशित आक्रमण र गैर–सैनिक समुदायमा आतंक फैलाउन गरिने हिंसात्मक कार्यहरु निषेधित छन्" भन्ने जेनेभा महासन्धिको साझा धारा ३ को ठाडो उल्लंघन गरिएको छ ।

२) सर्वसाधारणलाई आक्रमणको निशाना नबनाउने र उनीहरुलाई हानी नपुऱ्याउने माओवादीहरुको पटक–पटकको प्रतिबद्धताको यस घटनामा फेरि उल्लंघन भएको छ । माओवादीहरुद्वारा भएको यो आक्रमण ०६१ चैत्र २३ गते पछिल्लो पटक नेकपा (माओवादी) का प्रवक्ता कृष्णबहादुर महराद्वारा जारी गरिएको "हामी आफ्नो तर्फबाट मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यतालाई यथाशक्य लागू गर्न प्रतिबद्ध छौं" भन्ने व्यहोरासहितको वक्तव्य विपरीत छ ।